नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग

# कृषि विकास योजना जनकपुर

नक्टाझिज, धनुषा

प्रकाशित मिति:२०७४/०४/१९

**विषय :स्यालो ट्यूववेल जडान सम्वन्धी सूचना ।**

उपरोक्त विषयमा यस योजनाको आ.व. २०७४/०७५ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषक समूह/कृषि सहकारी /कृषि उद्यमीहरुलाई स्यालो ट्यूववेल जडान (साना सिंचाई) कार्यक्रम संचालनका लागि यो सुचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस योजनामा वा सम्वन्धित जिल्ला कृषि विकास कार्यालयमा प्रति ट्यूववेल रु.१००।०० अक्षरेपी एक सय मात्र (पछि फिर्ता नहुने गरी) नगद रसिद सहितको फारम बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ । स्यालो टयूववेल जडान मांग फारम कृषि विकास योजना जनकपुर, नक्टाझिज, धनुषा र सम्वन्धित जिल्ला कृषि विकास कार्यालयवाट रु.१०। को टिकट टांस गरी पेश गरेको निवेदनको आधारमा उपलब्ध हुनेछ ।

क) <u>स्यालो ट्यूववेल (सान सिंचाई) जडान हुने कार्यक्रम तथा जिल्लाहरु</u>:

| कार्यक्रम | कार्यक्रम संचालन हुने जिल्लाहरु |
|---|---|
| खाद्यान्न, तरकारी, फलफुल, नगदेबाली तथा मत्स्य उत्पादन कार्यक्रम | झापा, मोरङ्ग, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, वारा, पर्सा, चितवन, नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ्ग, वाकें, वर्दिया, कैलाली र कंचनपुर । |

ख) <u>स्यालो ट्यूववेल प्रदान गरिने आधारहरु</u> :

१) दर्ता भएका कृषक समूह / कृषि सहकारी / कृषि उद्यमी (फर्म दर्ता गरी व्यवसाय संचालन गरेका) मार्फत स्यालो ट्यूववेल जडान कार्य संचालन गरिनेछ ।
२) एउटै क्लस्टरमा कम्तीमा ४ विघा जग्गा भएका समूहलाई एक थान स्यालो ट्यूववेल प्रदान गर्न सकिनेछ ।
३) कृषकहरुको एउटै क्लस्टरमा २० विघा सम्म जग्गा भएका समूहलाई प्राथमिकताको आधारमा बढीमा पांच थान सम्म स्यालो ट्यूववेल उपलब्ध गराउन सकिनेछ ।
४) स्यालो ट्यूववेलको लागि संभाव्य र उपयुक्त जग्गा भई सिंचाईका अन्य श्रोत नभएको क्षेत्रमा प्राथमिकता दिईनेछ ।
५) खाद्यान्न, तरकारी, फलफुल, नगदेबाली तथा मत्स्य उत्पादन कार्यक्रम संचालन गर्ने समूहलाई प्राथमिकता दिईनेछ ।
६) दलित/महिला/मुक्त कमैया/सिमान्त कृषक/सामाजिक रुपमा पछाडी परेका, यूवा तथा अन्य विपन्न वर्ग लगायत बाढी, खडेरी तथा अन्य दैबी प्रकोप आदिले क्षति पुर्‍याएका कृषक समूहलाई प्राथमिकता दिईनेछ ।
७) योजना स्वीकृत भएपछि न्यूनतम १५ प्रतिशत जनसहभागिता वापतको रकम कृषक समूहबाट व्यहोर्नू पर्नेछ ।
८) छनौटमा परेका खाद्यान्न, तरकारी, फलफुल, नगदेबाली तथा मत्स्य उत्पादन कृषक समूहहरुको नेपाल राष्ट्र बैंकद्वारा जमानत प्राप्त बाणिज्य बैंकहरुमा समूहको खाता हुनु पर्नेछ ।
९) योजना स्वीकृत भएपछि ३० मीटर गहीराई सम्मको गागि रु ५०००। (पांच हजार) र सो भन्दा बढी गहीराईको लागि रु.१०,०००। (दश हजार) योजना सम्पन्न पश्चात् धरौटी फिर्ता हुने गरी जमानत रुपमा राख्नु पर्नेछ ।
१०) अन्य व्यवस्था नेपाल सरकारको प्रचलित नियम कानून बमोजिम हूनेछ ।

ग) <u>संलग्न गर्नु पर्ने कागजातहरु</u> :

१) उपभोक्ता कृषकको निवेदन र मांग फारम ।
२) स्यालो ट्यूववेल मांगका संबन्धमा कृषक समूह/कृषि सहकारी / कृषि उद्यमीको निर्णयको प्रतिलिपी ।
३) कृषक समूह/कृषि सहकारी / कृषि उद्यमी दर्ता नविकरण प्रमाण पत्रको प्रतिलिपी ।
४) सम्बन्धित जिल्ला कृषि विकास कार्यालयको सिफारिश पत्र ।

नोट: विस्तृत जानकारीको लागि कृषि विकास योजना जनकपुर, नक्टाझिज, धनुषाको, फो.नं. ०४१ ६२०८३४ मा सम्पर्क राख्न वा वेवसाईट <u>www.jadp.gov.np</u> वाट हेर्न सकिने छ ।